# गण्डकी प्रदेश सरकार
# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
## पोखरा, नेपाल

**विषय : लागत साझेदारीमा युवाको क्षमता तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन गर्न इच्छुक संघ, संस्थालाई प्रस्ताव सहित सुचिकृत हुने वारेको सूचना ।**

प्रथम पटक प्रकाशित मिति : २०८१/०१/१९

युवाको नेतृत्व क्षमताको विकासमा सहयोग पुऱ्याउने उदेश्यले सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले आ.व. २०८०/०८१ को स्वीकृत बार्षिक विकास कार्यक्रम बमोजिम युवालाई राष्ट्र र प्रदेश विकास एवं समृद्धी प्रति जिम्मेवार, कर्तव्यवोध र नैतिकवान वनाउन युवाको नेतृत्व क्षमतालाई प्रस्फुटित गर्दै विकासमा युवा सहभागिता वृद्धी गर्न युवाको क्षमता तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन गर्नका लागी रु ११,००००००/- अक्षरुपी एघार लाख रुपैया बजेट विनियोजन भएको र मन्त्रालयले यस कार्यक्रमलाई थप प्रभावकारी वनाउनका लागी अन्य सरकारी, निजी क्षेत्र र गैह्रसरकारी संघ संस्थाहरुको समेत साझेदारीमा गण्डकी प्रदेशका ११ वटै जिल्ला र युवाहरुको प्रतिनिधित्वलाई सुनिश्चित गरि कम्तिमा जम्मा ८५ जना युवाहरुलाई सहभागी गराई युवाको क्षमता तिथा नेतृत्व विकास कार्यक्रम सञ्चालन गर्न चाहेकोले लागत साझेदारीको माध्यमवाट कार्यक्रम कार्यान्वयन तथा सञ्चालन गर्न सक्षम र इच्छुक अन्य सरकारी, निजी क्षेत्र र गैह्रसरकारी संघ संस्थाहरुलाई आफ्नो प्रस्तावित कार्यक्रम र देहाय वमोजिमका कागजात/विवरण संलग्न गरि सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सुचिकृत हुनको लागी सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेश पोखरामा निवेदन पेश गर्नुहुन सम्बन्धित सवैमा अनुरोध छ ।

**संलग्न गर्नुपर्ने कागजात तथा विवरण :**

क) कार्यक्रम प्रस्ताव सहितको निवेदन (संस्थाको आधिकारिक लेटरहेडमा)
ख) लागत साझेदारी गर्न चाहेको रकम स्पष्ट खुलेको हुनुपर्नेछ । ( अङ्क/अक्षरमा )
ग) सरकारी निकायवाट जारी भएका वा अनुमती प्राप्त गरेका संस्था दर्ता प्रमाण पत्रहरु (स्थानीय तह, घरेलु/उद्योग, आ.रा.का., क.र.का.)
घ) संचालकहरुको ने.ना.प्र.प. तथा परिचय पत्रको प्रतिलिपि
ङ) विषयवस्तुहरु झल्कीने गरि युवाको क्षमता तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन कार्यक्रमको तालिका ।
च) गण्डकी प्रदेश सरकारवाट स्वीकृत खर्चको मापदण्ड, २०७९ बमोजिम कार्यक्रम सञ्चालन/कार्यान्वयन प्रस्ताव र आर्थिक (आय/व्यय) खर्च प्रस्ताव अलग अलग तयार गरि पेश गर्नुपर्नेछ ।
छ) साझेदारी गरि अपेक्षित उदेश्य प्राप्त हुने र तालिमको अवधि खुल्ने गरि " युवाको क्षमता तथा नेतृत्व विकास सम्वन्धि तालिमका विषयवस्तुहरु सहितको तालिका " स्पष्ट हुनेगरि प्रस्ताव पेश गर्नुपर्नेछ ।

थप जानकारीका लागी :

फोनः ५९०२४२, ५९०२४३
इमेल : moys.gandaki@gmail.com
web: mosd.gandaki.gov.np

उपसचिव
युवा तथा खेलकुद महाशाखा
उप सचिव